# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/४/०७९/८० मिति: २०७९/०६/१३

## सूचना

**इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरु तथा पुर्वाधार विकास बैंक,**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, योजना अनुगमन तथा मूल्यांकन महाशाखा, नीति, योजना तथा कार्यक्रम शाखाको च.न. २७६/२०७९/८०, मिति २०७९/०५/२६ को यसै साथ संलग्न पत्रबाट बैंक तथा वित्तीय संस्थाहरुले बैंकिङ्ग प्रयोजनका लागि नापी कार्यालयबाट एमोनिया नक्सा सिट वा कम्प्यूटर प्रिन्ट नक्सा लिने कार्यलाई डिजिटल प्रणालीमार्फत सम्पन्न गर्नका लागि **"डिजिटल प्रणाली मार्फत जग्गाको नापनक्सा तथा जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८"** जारी भइसकेको जानकारी प्राप्त भएकोले सो सम्बन्धमा सम्बन्धित निकायमा आवश्यक समन्वय गर्न लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

....................................
कार्यकारी निर्देशक

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)
नीति, योजना तथा कार्यक्रम शाखा

सिंहदरबार, काठमाडौं

DG 5/27

पत्र संख्या: ३.१/नी.यो./२०७९/८०
च.नं. 2066

गभर्नरको कार्यालय
च.नं. 985
मिति: 2065/5/28

मिति: २०७९/०५/२६

**विषयः आवश्यक समन्वय गरिदिने सम्बन्धमा।**

श्री नेपाल राष्ट्र बैंक,
(केन्द्रीय कार्यालय)
बालुवाटार, काठमाण्डौ

प्रस्तुत विषयमा कुनै वित्तीय संस्थाबाट जग्गाको पूर्ण विवरण सहितको आधिकारिक पत्रसाथ आधिकारिक व्यक्ति नापी कार्यालयमा उपस्थित भई नियमानुसार राजश्व बुझाई नापी कार्यालयबाट एमोनिया नक्सा सिट वा कम्प्यूटर प्रिन्ट नक्सा उपलब्ध गराउदै आएकोमा यस मन्त्रालय अन्तर्गत नापी विभागबाट हालै संचालनमा ल्याइएको अनलाईन प्रविधिमा आधारित मेरो कित्ता प्रणाली मार्फत सेवा लिन सक्ने व्यवस्था मिलाइएको छ।

उक्त प्रणाली https://merokitta.dos.gov.np मार्फत सेवा लिन सम्बन्धित संस्थाहरुले यूजर एकाउन्ट लिई "डिजिटल प्रणाली मार्फत जग्गाको नापनक्सा तथा जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८" को अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन अपलोड गरी अनलाइन प्रणाली मार्फत कित्ता नापी नक्सा, फिल्डबुक, प्लट रजिष्टर प्रिन्ट तथा राजश्व भुक्तानी लगायतका सेवाहरु नापी कार्यालयमा उपस्थित नभई प्राप्त गर्न सक्ने व्यवस्था रहेकोले तहाँ मातहतका सबै बैंक तथा वित्तीय संस्थाहरुलाई उक्त सेवा उपयोग गर्न पत्राचार गरिदिनु हुन भनी नापी विभागबाट अनुरोध भइ आएको हुँदा "डिजिटल प्रणाली मार्फत जग्गाको नापनक्सा तथा जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८" मा भएको व्यवस्था अनुसार सम्पूर्ण सेवा उपयोग गर्न सबै बैंक तथा वित्तीय संस्थाहरुलाई जानकारी गराई दिनुहुन आदेशानुसार अनुरोध छ।

(गोपाल निरौला)
शाखा अधिकृत

बोधार्थ
श्री नापी विभाग,
मिनभवन, काठमाण्डौ ।